नेपाली महावाणिज्यदूतावास, छेन्दु
尼泊尔驻成都总领事馆
Consulate General of Nepal
Chengdu People's Republic of China

## प्रेस विज्ञप्ति

१७ औं राष्ट्रिय गणतन्त्र दिवस २०८१ नेपाली महावाणिज्यदूतावास, छेन्दुले आज एक विशेष कार्यक्रम आयोजना गरी मनाएको छ। झण्डोत्तलन, राष्ट्रियगान तथा ज्ञात अज्ञात शहीदहरुको सम्मानमा मौन धारण गरी कार्यक्रम शुरु भएको थियो। कार्यक्रममा महावाणिज्यदूतावास छेन्दुका महावाणिज्यदूत श्री सुरेश राउतद्वारा सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलद्वारा गणतन्त्र दिवस, २०८१ को उपलक्ष्यमा जारी गर्नुभएको शुभकामना सन्देश तथा गणतन्त्र दिवसका अवसरमा सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल प्रचण्डज्यूले गर्नुभएको सम्बोधन बाचन गरी सुनाइएको थियो।

कार्यक्रमलाई सम्बोधन गर्दै नेपाली महावाणिज्यदूतावास छेन्दुका महावाणिज्यदूत श्री सुरेश राउतले गणतन्त्र दिवसका उपलक्ष्यमा यस महावाणिज्यदूतावासका क्षेत्राधिकार, जनबादी गणतन्त्र चीनमा बसोबास गर्नु हुने तथा सम्पूर्ण नेपाली दाजुभाई दिदीबहिनीहरुमा हार्दिक शुभकामना व्यक्त गर्नुभयो। गणतन्त्र स्थापनका लागि नेपाली जनताले गरेको लामो त्याग र उत्सर्गको स्मरण गर्दै गणतन्त्र नेपालको पृष्ठभूमीमा जारी नेपालको संविधान २०७२ मा भएका विशेष व्यवस्था र यसले नेपाली समाजमा ल्याएको गुणात्मक परिवर्तनका बारेमा चर्चा गर्नु भयो। उहाँले गणतन्त्रको उपलब्धिलाई रक्षा गर्दै थप संस्थागत र समयानुकुल परिष्कृत गर्न एकजुट भई अगाडि बढ्न स्वदेश तथा विदेशमा रहेका सबै नेपालीहरुलाई अनुरोध पनि गर्नुभयो।

उक्त कार्यक्रममा नेपाली महावाणिज्यदूतावासका कर्मचारी, महावाणिज्यदूतावासको क्षेत्राधिकार (सिचुवान,छोङछिङ, कुइचो) बसोबास गर्ने नेपाली समुदाय तथा केही चीनियाँ नागरिकको समेत सहभागिता रहेको थियो। औपचारिक कार्यक्रम पश्चात साँस्कृतिक कार्यक्रमको आयोजना गरिएको थियो। महावाणिज्यदूतावासले गणतन्त्र दिवसलाई विशेष उत्सवको रुपमा तीनदिनसम्म साँझ दिपावली गरी मनाइरहेको छ।

नेपाली महावाणिज्यदूतावास, छेन्दु ।
२०८१ जेठ १५